# संघीय संसद

प्रतिनिधि सभा

# शिक्षा तथा स्वास्थ्य समिति

(शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय)

मितिः– २०७७/०६/२६ गते सोमवार ।

समयः– दिनको ५:०० बजे ।

संघीय संसद शिक्षा तथा स्वास्थ्य समितिको सभापति माननीय जयपुरी घर्तीको सभापतित्वमा भिडियो कन्फेरन्स मार्फत बैठक बस्यो । समितिको माननीय सदस्यहरुसंग विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाईरस COVID-19 बाट नेपालमा हालैका दिनहरुमा स्थिती भयावह हुदै गई रहेको अवस्थामा सरकारले गरेको काम कारवाही, समस्या र चुनौतीका विषयमा छलफल गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निम्न सुझाव दिने निर्णय भयो ।

१. हाल सम्म कोभिड १९ को अस्पतालमा सातै प्रदेशमा थप २४० आईसियूको  स्थापना १०० भेन्टिलेटर सहितको काम प्रदेश र केन्द्रिय अस्पतालहरुमा थप गर्ने काम भईरहेको जानकारी प्राप्त भएकोमा उक्त कामलाई तिव्रताकासाथ अगाडि बढाउनु पर्ने ।

२. डाक्टर लगायत स्वास्थ्यकर्मीहरुको अभावका  कारण विरामीहरुले सामान्य उपचार पनि नपाएकोले स्वास्थ्यकर्मीको थप  व्यवस्था गर्नु पर्ने ।

३. हालैका दिनमा वागमति प्रदेश उपत्यकामा कोभिड १९ को केन्द्रको रुपमा संक्रमितको संख्या अत्याधिक बढी रहेको र अन्य प्रदेशहरुमा कम मात्र संक्रमितको अवस्था देखिएको हुंदा संघीय राजधानी काठमाण्डौं उपत्यकामा ७७ जिल्लाकै मानिसहरुको वसोवास व्यापार व्यवसाय रेको र नेपालीहरुको महान चाडपर्व वडा दर्श, दिपावली र छड पर्वको अवसरमा परिवार भेटघाटमा जिल्ला वाहिर जाने आउने हुंदा संक्रमणले व्यापक रुप लिन सक्ने सम्भावना भएको हुनाले यस्को रोकथाम र नियन्त्रणको लागि निम्न कार्यहरु गर्नु पर्ने देखिन्छ :

(क) चाडपर्वको अवधिमा उपत्याबाट वाहि जाने र भित्र आउने सवै नाकाहरु सिल गर्नु पर्ने ।

(ख) अति आवश्यककीय वस्तुको ढुवानी र अति जरुरी कामले आउने जानेलाई परिक्षण गर्ने व्यवस्था गर्नु पर्ने ।

(ग) उपत्यका प्रवेशको सवै नाकामा हेल्थ डेक्स राखी परिक्षणको व्यवस्था मिलाउने ।

(घ) सिल गरेको अवधि भित्र कन्ट्रयाक्ट ट्रेसिंगलाई स्थानीय तलसँग समन्वय गरी व्यापक टेष्टिङ्ग गर्ने र आवश्यकतानुसार आइसोलेसनमा राख्ने व्यवस्था मिलाउने ।

(ङ) काठमाण्डौं उपत्यका जस्तै अन्य प्रदेशको हकमा पनि संक्रमित बढेको जिल्लाहरुलाई सिल गरी सोही अनुसार आवश्यक ट्रेसिङ्ग, टेष्टिङ्ग र आईसोलेशन राख्ने व्यवस्था मिलाउनु पर्ने ।

४. कोभिड १९ को संक्रमितको उपचारकोलागि आईसोलेशन केन्द्र र पर्याप्त मात्रामा अक्सीजनको व्यवस्था गर्नु पर्ने ।

५. स्वास्थ्य सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन अनुसार जाँदा निकै समय लाग्ने भएकोले संक्रमणको जोखिम बढिरहेकोले छिटो छरितो ढंगले खरिद गर्न संघीय सरकारले नै खरिद गरि स्वास्थ्य सामाग्री उपलव्ध गाराउने व्यवस्था मिलाउनु पर्ने वा यो महामारीको विशेष परिस्थितीमा तत्काल खरिद गर्न प्रावधान सहितको ऐनमा संशोधन गर्न विशेष आर्थिक निर्देशिका जारी गर्नु पर्ने ।

६. अक्सिजन र हाई नोजल अक्सिजन कोनोला सहितको सामुदायिक आईसोलेशनको व्यवस्था गर्नु पर्ने ।

७. सम्भावित संक्रमितको अवस्थालाई ध्यानमा दिई काठमाण्डौं उपत्यका लगायत सवै प्रदेशमा पर्याप्त हाई नोजल अक्सिजन कोनोला र सम्भव भए सम्मको भेन्टिरको व्यवस्था सहित आईसियूलाई विस्तार र व्यवस्थापन तत्काल गर्नु पर्ने ।

८. सवै प्रदेशमा एम्वुलेन्स र कोभिड १९ कोलागि डेडिकेटेड एम्वुलेन्स र शव वहानजको सहज ढंगले परिचालन गर्न विशेष व्यवस्था मिलाउनु पर्ने ।

९. कोभिड १९ वाट मुत्यु भएका शवको व्यवस्थापन गर्न साधन श्रोतको सुनिश्चित गर्नु पर्ने ।

समितिको आजको बैठक अर्को सूचना भएपश्चात बस्नेगरी स्थगित भयो ।